# Sankalpa- Woman Alliance for Peace, Justice and Democracy

मितिः २०७८।०२।११

## प्रेस विज्ञप्ती

गत वैशाख १६ गतेदेखि शुरु भएको लकडाउन कहिले गएर टुंगिने हो निश्चित छैन । गत वर्ष दैनिक सय नपुग्ने संक्रमितको संख्या यो वर्ष  दैनिक दश हजारको  हाराहारीसम्म पुग्यो र संक्रमितको संख्या घटाउन गत वर्ष चैत्र ११ देखि शुरु भएको लकडाउनको दोस्रो तेस्रो चरण हुँदै ११ जेठबाट अर्को हप्ता दिनको लागि लकडाउनको समय थप गरिएको छ, र अझै कडाईका साथ लकडाउनलाई अगाडि बढाउने तयारी काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरुले निर्णय गरेको छन् ।

खोप, औषधि, अक्सिजन तथा अस्पतालहरुमा बेडको अभावजस्ता कारणले थुप्रै नेपालीले ज्यान गुमाइसकेका छन् भने दैनिक भोग, रोग र रोजगारको समस्याले हजारौं नेपालीहरु पीडित छन् । साथै, महिला आन्दोलमा संलग्न र महिला हक अधिकारका लागि दिनहुँ खटिने हाम्रा कतिपय दिदीबहिनीहरु तथा उनीहरुका प्रियजनहरुले पनि कोविडका कारण ज्यान गुमाइसकेका छन् । कतिपय चाहिँ घरमै र अस्पतालमा कोविडसंग लडिरहेका छन् ।

तसर्थ, हालको विपदमा संकल्पका सदस्य संस्थाहरु, क्षेत्रीय संयोजकहरु तथा सदस्यहरुलाई भौतिक दूरी कायम गर्दै एक आपसमा सहयोग, प्रेम, सहयोग तथा सद्भाव बढाइ आफू तथा आफ्नो परिवारलाई सुरक्षित राख्न संकल्प हार्दिक आग्रह गर्दछ । यो अवस्थामा, कोविडबाट बच्ने एउटै उपाय भ्याक्सिन भएको हुनाले संकल्पका सम्पूर्ण सदस्य संस्था तथा सदस्यहरुलाई भ्याक्सिन लगाउन पनि म हार्दिक अनुरोध गर्दछु ।

साथै, कुनै पनि नेपालीलाई औषधि, अक्सिजन, भ्याक्सिन, अस्पतालमा बेड तथा चिकित्सकको उपचारजस्तो आधारभूत आवश्यकताबाट बञ्चित नगरियोस् भन्ने म नेपाल सरकारसँग माग गर्दछु । हालै नेपाल सरकारले जारी गरेको कोभिड संकट व्यवस्थापन अध्यादेशका प्रावधानहरु लागू हुनेगरी जारी हुने निषेधाज्ञाबाट कोविड संक्रमण न्यूनिकरण हुने पनि अपेक्षा गर्दछु ।

कला स्वर्णकार

महासविच

संकल्प